नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

गाईघाट, उदयपुर

फोन नं. ०३५-४२२१३३
इमेल :-daoudayapur@moha.gov.np
कोशी प्रदेश, नेपाल

प.सं. ०८०/८१
चलानी नं. ६७२

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
उदयपुर

मितिः-२०८०/०५/२६

विषयः- संविधान दिवस मनाउने सम्बन्धमा ।

श्री जिल्ला स्थित सबै सरकारी कार्यालयहरु, उदयपुर ।
श्री जिल्ला स्थित सबै स्थानीय तहहरु, उदयपुर ।

प्रस्तुत विषयमा गृह मन्त्रालय, मूल समारोह समितिको सचिवालयको च.नं.१४० मिति २०८०/०५/२१ गतेको पत्रबाट २०८० यही असोज २, ३ र ४ गते तीन दिनसम्म भव्यतासाथ मनाउने सन्दर्भमा संविधान दिवस, २०८० मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड ज्यूको अध्यक्षतामा मिति २०८०/०५/१७ गते प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबारमा बसको बैठकबाट पारित कार्यक्रम मुताविक तपसिल बमोजिमका कार्यक्रम सहित दिवस मनाउने व्यवस्था मिलाउन हुन निर्णयानुसार अनुरोध छ भनी लेखि आएकोले तहाँ कार्यालय/स्थानीय तहले यही असोज २, ३ र ४ गते तीन दिनसम्म संविधान दिवस मनाउने व्यवस्था मिलाउन हुन उक्त पत्रको छायाँकपी यसै साथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०८०/५/२६
सावित्रा बस्नेत (कार्की)
प्रशासकीय अधिकृत

अत्यन्त जरुरी

नेपाल सरकार

# गृह मन्त्रालय

संविधान दिवस (राष्ट्रिय दिवस)
मूल समारोह समितिको सचिवालय

पत्र संख्याः- संविधान दिवस-२०८०
प्राप्त पत्र संख्या र मितिः-
च.नं. १४०

सिंहदरबार,
काठमाडौं, नेपाल।

मितिः- २०८०/०५/२१

श्री जिल्ला प्रशासन कार्यालय, सबै।

विषय : संविधान दिवस मनाउने सम्बन्धमा।

संविधान दिवस, २०८० यही असोज २, ३ र ४ गते तीन दिनसम्म भव्यतासाथ मनाउने सन्दर्भमा संविधान दिवस, २०८० मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको अध्यक्षतामा मिति २०८०।५।१७ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको बैठकबाट पारित कार्यक्रम मुताबिक तपसिल बमोजिमका कार्यक्रम सहित दिवस मनाउने व्यवस्था मिलाउन हुन निर्णयानुसार अनुरोध छ।

तपसिल

१. जिल्लास्थित सबै सरकारी तथा सार्वजनिक निकायका कार्यालय एवं शैक्षिक तथा सामुदायिक संघ-संस्थाहरुले राष्ट्रिय झण्डा एवं ब्यानर सजाई कार्यालय र परिसरको सरसफाई गर्ने,
२. जिल्लाभित्र रहेका धार्मिक, सांस्कृतिक सम्पदास्थलहरुको सरसफाई सहित सौन्दर्यीकरण अभिवृद्धि गर्ने,
३. जिल्लास्थित सबै सरकारी तथा सार्वजनिक निकायका कार्यालयहरु र सार्वजनिक महत्वका सम्भाव्य स्थलहरुमा २, ३ र ४ गते साँझ दीप प्रज्ज्वलन गर्ने। साथै, मण्डला, दरबार-स्क्वायर जस्ता सार्वजनिक महत्वका स्थानहरुमा सुरक्षाकर्मी सहितको समूहद्वारा दीप प्रज्ज्वलन गर्ने र जिल्लावासी आमनागरिकहरुले समेत आ-आफ्नो घर-घरमा ३ गते साँझ दीप प्रज्ज्वलन गर्न अनुरोध गर्ने,
४. स्थानीय छापा तथा विद्युतीय सञ्चार माध्यमबाट संविधानको महत्वका विषयमा विभिन्न सन्देश तथा कार्यक्रमहरु प्रकाशन-प्रसारण गर्न लगाउने,
५. संविधान दिवसका सन्दर्भमा संघ, प्रदेश र स्थानीय पालिका एवं सरकारी, गैरसरकारी तथा सामुदायिक संघ-संस्थाहरुबाट आयोजना तथा सञ्चालन हुने रचनात्मक, सिर्जनात्मक, सन्देशमूलक तथा जनचेतनामूलक कार्यक्रमहरुमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने, गराउने,
६. जिल्लास्थित मठ-मन्दिर, बुद्ध-विहार, मस्जिद, गुरुद्वार, चर्चलगायत धार्मिक स्थानहरुमा पुजारी-धर्मगुरुबाट नित्य-पूजा, पाठ वा प्रार्थना गर्दा राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता, लोकतन्त्र र संविधानका लागि आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात शहीदहरुको आत्माको चीरशान्तीको कामनासहित उच्च-सम्मानका साथ श्रद्धासुमन अर्पण गर्ने व्यवस्था मिलाउने।

(भीमकान्त शर्मा)
उपसचिव